मिति:२०८३।०२।१३ गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०४

आज मिति २०८३।०२।१३ गते शुक्रबारका दिन बिहान ८.३० बजे शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षतामा एवं तपशिलका सदस्यहरूको उपस्थितीमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को चौथो बैठक बसी देहायका प्रस्तावहरू छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| | | | | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमा कुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल वली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के.सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्र बहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |
| **सहयोगी कर्मचारी** | | | | |
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | पुरन चन्द्र आचार्य | शान्तिनगर गाउँपालिका |
| | २ | लेखा अधिकृत | धन बहादुर वली | शान्तिनगर गाउँपालिका |
| | ३ | प्र. लेखा अधिकृत | कमला वली | ,, ,, |
| | ४ | सि. कृ. अधिकृत | कासिमेर भण्डारी | शा. गा. पा. |

मिति २०८२।०५।१५ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा.८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरू:

**प्रस्तावहरू**

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।

२. अध्ययन विदा स्वीकृत सम्बन्धमा।

मिति:२०८३।०२।१३ गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०४

मिति २०८२।०५।१५ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरू:

प्रस्तावहरू

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।
२. अध्ययन विदा स्वीकृत सम्बन्धमा ।
३. महिला समुह दर्ता सम्बन्धमा ।
४. विद्यालयको कक्षा थप सम्बन्धमा ।
५. जस्तापाता वितरणका लागि लाभग्राही छनौट सम्बन्धमा ।
६. दलित घर परिवार तथ्याङ्क संकलन मापदण्ड सम्बन्धमा ।
७. आ.स्वा.से केन्द्र पेदिखोला र वडा नं. ५ वैशा स्थित गाउँपालिकाको सभाहलमा कार्यालय सहयोगी नियुक्ति गर्ने सम्बन्धमा ।
८. निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।
९. जुम्लेकुला खैरेनी र बैसा धनौरा सडक विस्तार सम्बन्धमा ।
१०. कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम लागु गर्ने सम्बन्धमा ।
११. कृषि एम्बुलेन्स खरिद तथा संचालन कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा ।
१२. सामुदायिक वन दर्ता सम्बन्धी कार्यविधि २०८३, स्वीकृत सम्बन्धमा ।
१३. गाई हेरालु व्यवस्थापन सम्बन्धमा ।
१४. गाउँपालिका राष्ट्रिय महासंघलाई सदस्यता शुल्क उपलब्ध गराउने सम्बन्धमा
१५. विविध

मितिः२०८३।०२।१३

गाउँ कार्यपालिकाको बैठक संख्याः२०८२।०८३-०४

<u>निर्णयहरू</u>

निर्णय नं. १. शान्तिनगर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रयोजनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड २०८२ अनुसारअघि बढाउन पूर्व स्वीकृति प्रदान गर्ने,

निर्णय नं. २.शान्तिनगर गाउँपालिकाका प्राविधिक अधिकृत अतुल आचार्यले अध्ययन विदाको लागि २ वर्षको लागि विदा माग गरे बमोजिम, उक्त कर्मचारीलाई स्थानीय निजामति सेवा ऐन, २०८३ र नियमालवी २०८३ बमोजिम बेतलवी विदा स्विकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लुम्बिनी प्रदेश देउखुरी उपत्यका दाङमा सिफारिस गर्ने ,

निर्णय नं. ३. शान्तिनगर गाउँपालिका वडा नं. १ स्थित हल्देमा रहेको महिला समुह दर्ता गर्नको लागि दर्ता जग्गा श्रेष्ता कायम भएको जग्गामा समूह दर्ताको प्रकृया प्रकृया अगाडि बढाउने, ,

निर्णय नं. ४. यस शान्तिनगर गाउँपालिका अन्तर्गत रहेका तपसिलका बिद्यालयले कक्षा थप अनुमति माग गरेकोले देहायका विद्यालयलाई शैक्षिक सत्र २०८३ बाट लागु हुने गरि कक्षा थपको अनुमति सम्बन्धमा कैफियतमा उल्लेख भए बमोजिम हुने गरी कार्यपालिकाको बैठकमा स्विकृतिको लागि पेश गर्ने सम्बन्धमा मिति २०८२/१२/१७ गतेको शान्तिनगर गाउँपालिका, गाउँ शिक्षा समितिको वैठकबाट पेश भए अनुसार देहायको निर्णय अनुमोदन गर्ने ।

| क्र.स. | बिद्यालयको नाम | अनुमति थप मागेको कक्षा | कैफियत |
|---|---|---|---|
| १. | श्री चिल्ड्रेन फ्युचर ऐकाडेमी - शान्तिनगर-०६, सुनडबरी दाङ । | कक्षा ४ (चार) | हाललाई अनुमति उपलब्ध नगराउने। |
| २. | श्री माध्यमिक विद्यालय तुलसीपुर घनौरी, दाङ। | कक्षा (१२) | अनुमति उपलब्ध गराउन अनुमोदनको लागि गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गर्ने । |
| ३. | श्री लिटिलगड एकाडेमी शान्तिनगर-०७ तिलवारी, दाङ । | कक्षा (९) | हाललाई अनुमति उपलब्ध नगराउने। |
| ४. | श्री बिरेन्द्र मा.वि खिलतपुर | कक्षा (११) | हाललाई अनुमति उपलब्ध नगराउने। |
| ५. | श्री प्राथमिक विद्यालय शान्तिनगर-०७ बुडाडाबर पुनः सञ्चालन गर्न वडाबाट माग भएको र सो सम्बन्धमा | | अनुमति उपलब्ध गराउन अनुमोदनको लागि गाउँ |

| | | |
|---|---|---|
| | IEMIS मा समेत विद्यालय बन्द गरिसकिएकोले माथिल्लो निकाय संगको समन्वयमा आगामी शैक्षिक सत्र २०८३ देखि मिल्ने देखिएमा श्री माध्यमिक विद्यालय तुलसीपुर धनौरी मातृ विद्यालय कायम हुनेगरी बालकक्षा मात्रै सञ्चालन गर्न कार्यपालिका बैठकको अनुमोदनको निर्णयानुसार अनुमति दिने । | कार्यपालिकाको बैठकमा सिफारिस गर्ने । |

निर्णय नं. ५. लुम्बिनी प्रदेश सरकारबाट हस्ताणतरित जस्तापाता वितरण कार्यक्रम अन्तर्गत एउटा वडाबाट ३ जना लाभग्राही छनौट गरि २५ लाभग्राही नबढ्ने गरी जस्तापाता वितरण गर्ने, वितरण गर्दा गरिव, विपन्न, एकल महिला, अपांग, दलित र आगलागि भएका घरका लागि प्राथमिकता राखि वडा कार्यालयबाट भएको सिफारिसको आधारमा प्रदान गर्ने र सम्बन्धित वडा कार्यालय मार्फत १५ दिन भित्र कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने गरि व्यवस्यापन गर्ने,

निर्णय नं. ६शान्तिनगर गाउँपालिका क्षेत्र भित्रका प्रारम्भिक वातावरणीय परिक्षण (IEE)खोला तथा नदि घाटहरुको ३ पटक सम्म ठेक्का आव्हान गर्दा पनि रित पूर्वक कुनै वोलपत्रदाताले बोलपत्र पेश नगरेको हुँदा, शान्तिनगर गाऊँपालिका क्षेत्र भित्र गाउँपालिका तथा अन्य निकायबाट संचालित योजनाहरु प्रभावित भएको हुँदा त्यस्ता योजनाहरुबाट कायदिश, लागत अनुमान, वडा कार्यालयको सिफारिस र अन्य निकायबाट संचालित योजनाको हकमा उक्त निकायको नदिजन्य पदार्थ उपलब्ध गराउने अनुरोध पत्र प्रास हुन आएमा स्वीकृत आइ ई ई मापदण्डको अधिनमा रहि नगर प्रहरी, सम्बन्धित वडाको प्राविधिक र गाउँपालिकाको प्राविधिक शाखा र सम्बन्धित वडाको वडा सदस्यको रोहवरमा दैनिक रेकर्ड किताब भरि सबै जनाले दस्तखत गरि गाउँपालिकामा प्रतिवेदन गर्ने गरी व्यवस्थापन मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने,

निर्णय नं. ७ कार्यालय सहयोगीको आवश्यक्ता भए अनुरूप आधारभूत स्वास्थ्य सेवा केन्द्र पेदिखोला र वडा नं. ५ वैशा स्थित गाउँपालिकाको सभाहलको लागि १/१ जना कार्यालय सहयोगी सेवा करारमा नियुक्त गर्ने साथै उनीहरूको तलब/भत्ता लगायत अन्य सुबिधा आन्तरिक स्रोत बाट व्यवस्थापन हुने,

निर्णय नं. ८. दलित घर परिवार तथ्याङ्क संकलनको लागि प्रत्येक वडामा गणक र सुपरिवेक्षक नियुक्त गरी मापदण्ड बमोजिमको सेवा, सुविधा र पारिश्रमिक उपलब्ध गराउने ,

- गाउँपालिकामा १ जना सुपरिवेक्षक र प्रत्येक वडामा १ जना हुने गरी ७ जना गणक नियुक्त गर्ने,

- दलित समुदायको नागरिकलाई प्राथमिकता प्रदान गर्ने,
- सुपरिवेक्षकको हकमा १२ कक्षा वा सो सरह र गणकको हकमा एस ई ई उत्तीर्ण योग्यता कायम गर्ने,
- गणकलेप्रति परिवार तथ्याङ्क संकलन गरेको रु. १५०।- सुपरिवेक्षकले प्रविष्ट गरेको रु. ५०।- पारिश्रमिक उपलब्ध गराउने,
- निजहरुलाई एक पटकको लागि ५०० रुपैयाँ संचार खर्च र प्रत्येक खटिएको दिनको लागि प्रत्येक दिन १०० रुपैयाँ खाजा खर्च उपलब्ध गराउने ।
- सुपरिवेक्षक र गणकलाई एक/एक छाता र टिसट उपलब्ध गराउने
- छनौट कार्यको लागि ७ दिने सूचना प्रकाशन गर्ने

निर्णय नं. ९. शान्तिनगर गाउँपालिकामा तपशिल बमोजिमका निर्माण व्यवसायीहरूले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनि निवेदन दर्ता गराएको हुँदा प्राविधिक प्रतिवेदनको आधारमा तपशिल बमोजिमका निर्माण व्यवसायलाई ईजाजत पत्र दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | निर्माण व्यवसायको नाम | प्रोपराइटरको नाम | दर्ता मिति | कै |
|---|---|---|---|---|
| १. | वाल्मिकी निर्माण सेवा | पुकार के.सी. | २०८२।०२।३० | ९८४११८१४३५ |
| २. | डि.वि. निर्माण सेवा | डिल्ली बहादुर वली | २०८२।१०।०८ | ९८१०८७५६४० |
| ३. | पब्लिक निर्माण सेवा | पुजा बस्नेत | २०८२।१०।०८ | ९८५१२२२८०८ |
| ४. | बयाले कन्स्ट्रक्सन प्रा.लि | डिल्ली प्रकाश के.सी. | २०८२।०९।२० | ९८६६६४२९८५ |

निर्णय नं. १०. जुम्लेकुला-खैरेनी र वैसा-धनौरा सडक निर्माणको क्रममा अपुरो हुन गएको सडक प्राविधिक लागत अनुमानको आधारमा समपुरक योजना कार्यन्वयन गरी गाउँपालिका तर्फको साझेदारीमा बचत हुन गएको रकम भुक्तानी हुने गरी कोटेसन प्रक्रिया मार्फत खरिद कार्य अघि बढाउने,

निर्णय नं. ११शान्तिनगर गाउँपलिकमा चालू आ.व. २०८२/८३ को वार्षिक स्विकृत कार्यक्रम "स्थानीय पाठ्यक्रममा आधारित (कक्षा १-५) को पाठ्यपुस्तक निर्माण तथा प्रवोधिकरण" अन्तर्गत आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक "हाम्रो शान्तिनगर" कार्यालयको सम्झौता अनुसार नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रबाट लेखन कार्य सम्पन्न गरी पेश भएको मस्यौदा स्विकृति गरि चालु शैक्षिक सत्र २०८३ बाटै सवै विद्यालयहरुमा लागू गर्न स्विकृति दिने,

निर्णय नं. १२ शान्तिनगर गाउँपालिकाको लागि कृषि एम्बुलेन्स खरिद तथा संचालनको लागि सार्वजनिक निजि साझेदारीमा संचालन गर्न कृषी एम्बुलेन्स खरिद तथा संचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने,

मिति:२०८३।०२।१३

गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०४

निर्णय नं. १३. सामुदायिक वन व्यवस्थापन सम्वन्धी कार्यविधि २०८३स्विकृत गर्ने,

निर्णय नं. १४. शान्तिनगर गाउँपालिका वडा नं. २ स्थित गौसलामा गाई, गोरू व्यवस्थापन गर्नको लागि कार्यरत कर्मचारी गिता चौधरीले राजिनामा दिएको हुँदा उक्त स्थानमा शान्तिनगर गाउँपालिका वडा नं २ निवासी उम बहादुर शाहीको छोरा गर्ने श्री लोक बहादुर शाहीलाई गाई हेरालुको पदमा वडा कार्यालयको सिफारिसको आधारमा नियुक्ति प्रदान गर्ने,

निर्णय नं. १५. गाउँपालिका राष्ट्रिय महासंघलाई आ.व. २०८२।०८३ मा सदस्यता शुल्क बापत रू ३००००।– (अक्षरूपि- तीस  हजार मात्र) उपलब्ध गराउन निर्णय गरियो ,

निर्णय नं. १६ विविध (१) सर्प उद्दार गर्नको लागि शान्तिनगर गाउँपालिकामा कार्यरत नगर प्रहरी दिपक परियारलाई खटाउने र सर्प उद्दार गर्ने सामाग्री खरिद गर्नको लागि आवश्यक बेजट लागत अनुमानको आधारमा विपद व्यवस्थापन कोषबाट व्यवस्थापन गर्ने र सर्प उद्दार बापत प्रति घट्ना रु.२०००।- प्रोत्साहन रकम प्रदान गर्ने,